बैठक सङ्ख्या : १८

आज मिति २०८० साल असार महिनाको २८गते यस पुथा उत्तरगङ्गा गाउँपालिकाका अध्यक्ष एवंम् कार्यपालिकाका अध्यक्ष श्री पुनीराज घर्तीज्यूको अध्यक्षतामा पुथा उत्तरगङ्गा गाउँ कार्यपालिकाको १८ औं बैठक बसी तपसिलका उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो।

**तपसिल :-**

| | |
|---|---|
| पुनीराज घर्ती | कार्यपालिका अध्यक्ष |
| भुपेन्द्रा बुढामगर | कार्यपालिका उपाध्यक्ष |
| विरमान कामी | १ नं. वडा अध्यक्ष |
| जस बहादुर श्रीपाली | २ नं. वडा अध्यक्ष |
| बम बहादुर बुढा | ३ नं. वडा अध्यक्ष |
| सुर बहादुर वि क | ४ नं. वडा अध्यक्ष |
| टिकासाई घर्ती मगर | ५ नं. वडा अध्यक्ष |
| पूर्ण मल्ल शाही | ८ नं. वडा अध्यक्ष |
| हर्क प्रसाद रोका | ९ नं. वडा अध्यक्ष |
| भरत बुढा | १० नं. वडा अध्यक्ष |
| लयन बुढा | ११ नं. का वा वडा अध्यक्ष |
| दिलमान पुन | १२ नं. वडा अध्यक्ष |
| द्रवेश बुढा मगर | १४ नं. वडा अध्यक्ष |
| ग्वारी बुढा मगर | कार्यपालिका सदस्य |
| जोर कुमारी बुढा | कार्यपालिका सदस्य |
| भारसी बुढा | कार्यपालिका सदस्य |
| मल्ति पुन | कार्यपालिका सदस्य |
| राज कुमार सुनार | कार्यपालिका सदस्य |
| जानु छन्तेल | कार्यपालिका सदस्य |
| सुन बहादुर कामी | ६ नं. का.वा. वडा अध्यक्ष |
| महेन्द्र बहादुर रसाइली | १३ नं. का.बा.वडा अध्यक्ष |
| इनम वि.एम. | ७ नं. का.बा.वडा अध्यक्ष |
| समिर गिरी | सदस्य सचिव |

**अन्य उपस्थिति :**

| | |
|---|---|
| विजय बाँठा मगर | लेखा शाखा प्रमुख |
| भिम प्रकाश के.सी. | ना.प. स्वा.प्र. |

**१८ औँ गाउँ कार्यपालिका बैठकका एजेण्डाहरु:-**

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।
२. गाउँपालिका स्तरिय १५ शैया अस्पताल सम्बन्धमा।
३. शोक प्रस्ताव सम्बन्धमा।
४. विविध सम्बन्धमा।

**निर्णयहरु:-**

१. प्रस्ताव नं. १ मा छलफल गर्दा मिति २०८० साल असार २३ गते सम्पन्न १७ औँ गाउँ कार्यपालिकाको बैठकमा भएका निर्णयहरुको कार्यान्वयन विभिन्न कानुनहरुको अधिनमा रहि प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नेगरी समीक्षा गरियो।

२. २.१-प्रस्ताव नं. २ मा छलफल गर्दा यस पुथा उत्तरगङ्गा गाउँपालिकाको गाउँपालिका स्तरिय १५ शैया अस्पतालको भवन निर्माण (पुरानो ठेक्का नं. PURM/NCB/Works/No-01-078/079) को लागि मिति २०७८।११।०६ गते बोलपत्र आह्वान गरिएकोमा श्री Dhulikhel/Mission/Sisne Himal JV ले ठेक्का प्रक्रियामा सहभागी भई मुल्याङ्कन प्रक्रियाको क्रममा श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेतमा उजुरी परी कागजातहरु छानविनको अवस्थामा थियो। उक्त ठेक्काको लागि मुल्याङ्कन प्रक्रियामा श्री Dhulikhel/Mission/Sisne Himal JV छनोट भई मिति २०७९।०३।२४ गते ठेक्का सम्झौता भएता पनि छानविनको प्रक्रियामा भएकोले निर्माण प्रक्रिया अगाडि नबढेको अवस्था छ। श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, टङ्गाल काठ्माण्डौको मिति २०८०।०३।०१ गते, चलानी नं. D3-7980-62075 को प्राप्त पत्रानुसार उक्त श्री Dhulikhel/Mission/Sisne Himal JV ले ठेक्का प्राप्त गर्नका लागि फर्जी कागजात पेश भएको देखिएकोले खरिद प्रक्रियाका सम्बन्धमा कानुन बमोजिम आवश्यक कारबाहीका लागि पुथा उत्तरगङ्गा गाउँपालिकाको कार्यालय रुकुम पूर्वलाई पत्र प्राप्त भएको थियो। श्री Dhulikhel/Mission/Sisne Himal JV ले पुरानो ठेक्का नं. PURM/NCB/Works/No-01-078/079 प्राप्त गर्नश्री शहरी विकास तथा भवन कार्यालय विरगन्ज पर्साबाट Khani-Mission JV, Baneshwor Kathmandu लाई CONSTRUCTION OF OLD AGE HOME AT PARSA AND RAUTAHAT (ठेक्का नं. UDO/Parsa/Works/01-2077/078) मा जारी भएको Work Experience मा Ashlar Massonary को Work Experience Certificate दिएको देखिन्छ तर तहाँ कार्यालयको मिति २०८०।०३।२७ गते, चलानी नं. ९४४ को प्राप्त पत्रानुसार Random Massonary को कार्य भएको देखिन्छ। यसरी श्री Dhulikhel/Mission/Sisne Himal JV ले फर्जी कागजात पेश गरेको देखिन आएको हुदाँ सो सम्झौता रद्ध/खारेज गर्ने निर्णय गरियो।

२.२-प्रस्ताव नं. २ मा छलफल गर्दा यस पुथा उत्तरगङ्गा गाउँपालिका स्तरिय १५ शैया भवन निर्माण गर्नको लागि यस गाउँपालिकाको ठेक्का नं. PURM/NCB/Works/No-01-078/079देहाय बमोजिम लागत अनुमान भएको र अब उक्त भवनको बोलपत्र आह्वान संशोधित लागत अनुमान तपसिल बमोजिम E-Bidding खरिद प्रक्रियाको माध्यमबाट गर्ने निर्णय गरियो।

तपसिलः- .

| क्र.स. | विवरण | पुरानो | संशोधित/नयाँ | फरक रकम | कैफीयत |
|---|---|---|---|---|---|
| १ | लागत अनुमान (कन्टेन्जेन्सीसहित) | ३०,२६,९०,४१५.९४ | २३,५६,४६,२१७.४५ | ६,७०,४४,१९८.४९ | |
| २ | लागत अनुमान (कन्टेन्जेन्सीबाहेक) | २५,१६,१०,८९७.०२ | १९,४५,७७,०९९.०६ | ५,७०,३३,७९७.९६ | |

साथै,लागत अनुमान (कन्टेन्जेन्सीसहित) रु. २३,५६,४६,२१७.४५ (अक्षरुपी तेईस करोड छपन्न लाख छयालिस हजार दुई सय सत्र रुपैयाँ पैतालिस पैसा मात्र) र लागत अनुमान (कन्टेन्जेन्सीबाहेक) रु. १९,४५,७७,०९९.०६ (अक्षरुपी उन्नाईस करोड पैतालिस लाख सत्हत्तर हजार उनान्सय रुपैयाँ छ पैसा मात्र) को ठेक्का आह्वान गरी ठेक्का प्रक्रियाबाट घटाघट भई सम्झौता भएको रकम संघिय सरकारबाट प्राप्त हुने अनुदान रु. १८,००,००,०००.०० (अक्षरुपी अठार करोड रुपैयाँ मात्र) भन्दा बढि भएको खण्डमा बढि रकम गाउँपालिका कार्यालयले सुनिश्चित गर्ने निर्णय गरियो।

३. प्रास्ताव नं. ३ मा छलफल गर्दा सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) की जिवनसंगिनी सिता दाहालको मिति २०८०।०३।२७ गते विहान ८:३३ बजे ६९ बर्षको उमेरमा नर्भिक अस्पताल काठ्माण्डौमा दुखद निधन भएकोमा मृत आत्माको चिरशान्तिको कामना गर्दै गाउँपालिकाबाट शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ मा छलफल गर्दा राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु संरक्षण विभाग, बबरमहल काठ्माण्डौको मिति २०८०।०३।२६ गते, चलानी नं. ३९७५ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो सो सम्बन्धमा यस गाउँपालिकाको करिब ६३ प्रतिशत भुभाग रहेको ढोरपाटन शिकार आरक्षको रोयल्टिको बारेमा श्री राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु संरक्षण विभाग, बबरमहल काठ्माण्डौ र वन तथा वातावरण मन्त्रालयमा आवश्यक छलफल तथा परामर्शको लागि यस गाउँपालिकाबाट कार्यपालिकाको आवश्यक टोली जाने निर्णय गरियो ।

